अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
अर्जुनचौपारी, स्याङजा
Arjunchaupari, Syangja
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं.(Reference No): ०८०।८१
च.नं.(Dispatch No):-

मितिः२०८०।१०।१५

## प्रेस विज्ञप्ती

आज मिति २०८०।१०।१५ यस अर्जुनचौपारी गाउँपालिकाको २६ औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकावासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १** रापाकोट गा.वि.स. वडा नं. ९ हाल अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ रापाकोट निवासी होम कुमार गुरुङ, होम प्रसाद गुरुङ, हुमलाल गुरुङ र भेषमाया गुरुङको संयुक्त नाममा रहेको कित्ता नं. ५१५ क्षेत्रफल १९-१२-३-१ बाट क्षेत्रफल १-८-०-० जग्गा स्वास्थ्य चौकीको नाममा दिन मञ्जुर हुनु भएको हुँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ अनुसार जग्गा प्राप्तिको लागि सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गर्ने साथै जग्गा रजिष्ट्रेशन पास गर्दा लाग्ने राजश्व गाउँपालिकाले व्यहोर्ने।

**निर्णय नं. २**अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ स्थित रापाकोट प्रहरीचौकीको नाममा रहेको जग्गाको बीच भागबाट सार्वजनिक बाटो परेर प्रहरीचौकी भवन निर्माण गर्न जग्गा अपुग हुने अवस्था सृजना भएको हुँदा सम्वन्धित वडा समितिको सिफारिस बमोजिम उक्त बाटो सोही जग्गाको छेउतर्फबाट परिवर्तन गर्नको लागि सम्वन्धित निकायमा सिफारिस गर्ने।

**निर्णय नं. ३** अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्वन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरुमा जग्गा वर्गीकरण छुट भएको तथा जग्गा वर्गीकरण फरक परेकाले पालिकावासीहरुमा परेको असुविधालाई मध्यनजर गर्दै छुट भएका एवं जग्गा वर्गीकरणमा फरक परेकाको तथ्याङ्क संकलन गर्न ३५ दिने सूचना प्रकाशित गर्ने र संकलित विवरणको आधारमा आवश्यक प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४** संघीय सशर्त कार्यक्रम अनुसार रैथानेबाली तथा मकैबाली प्रवर्द्धन लगायतका कृषि सम्वन्धी कार्यक्रमहरु पालिकास्तरीय कृषि समितिको बैठकको निर्णय अनुसार सञ्चालन गर्ने।

**निर्णय नं. ५** अर्जुनचौपारी गाउँपालिकामा पालिकास्तरीय अस्पताल नभएको साथै भीरकोट नगर अस्पताल अर्जुनचौपारी गाउँपालिकाबाट नजिक रहेको एवं अर्जुनचौपारी गाउँपालिकाबासीको स्वास्थ्य सेवा सुविधाको पहुँचलाई मध्यनजर गर्दै अस्पतालको नाम, व्यवस्थापन एवं सञ्चालनमा अर्जुनचौपारी गाउँपालिकाले गर्ने योगदानको उचित मूल्याङ्कन एवं सम्बोधन हुने भएमा अस्पताल सञ्चालनमा साझेदारी एवं सहकार्य गर्ने।

**निर्णय नं. ६** अर्जुनचौपारी गाउँपालिका वडा नं. १ स्थित सहले (दरौंखोला), बुकेखोलामा बाढी पहिरोका कारण ढुङ्गा, गिट्टी र माटोजन्य पदार्थ थुप्रिन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न हुने अवस्था सृजना भएको हुँदा त्यस्ता पदार्थ हटाउने स्वीकृति प्राप्तिका लागि जिल्ला विपद् व्यवस्थापन समिति स्याङ्जालाई सिफारिस गर्ने ।

**प्रस्ताव नं. ७** अर्जुनचौपारी गाउँपालिका भित्रको खानेपानी तथा सरसफाई व्यवपस्थापन गर्न अर्जुनचौपारी गाउँपालिकामा कार्यरत कर्मचारीको नेतृत्व हुने गरी Wash शाखा स्थापना गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
धन बहादुर गुरुङ
प्रवक्ता

" साझा प्रतिवद्धता साझा जिम्मेवारी हामी सबैको सपना समुन्नत अर्जुनचौपारी "

9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com

CamScanner